नेपाल सरकार
शान्ति तथा पुनर्निर्माण मन्त्रालय सिंहदरबार, काठमाण्डौ ।

# (मासिक मिट द प्रेस कार्यक्रममा २०७० साल आषाढ ३ गते सोमबार प्रस्तुत)

## यस मन्त्रालय र मातहतका निकायबाट गत १ महिनामा सम्पन्न भएका कियाकलापको सार संक्षेप

### १. अनुगमन तर्फः-

यस मन्त्रालय र मातहतका निकाय/आयोजना द्वारा संचालित पुनर्निर्माण, राहत तथा पुनस्थापन सम्वन्धी कार्यको अनुगमन गरी २०७० असार मसान्त सम्म प्रतिवेदन पेश गर्नका लागि अनुगमन कार्ययोजना स्वीकृत गरी प्रत्येक विकाश क्षेत्रमा सह सचिवस्तरीय टोली खटाइएको र अनुगमन कार्य जारी नै रहेको ।

### २. कानून तथा सञ्चार तर्फः-

- रेडियो नेपाल, नेपाल टेलिभिजन र स्थानीय स्तरका एफ.एम. रेडियोहरुबाट शान्ति सम्बन्धी कार्यक्रमहरु प्रशारण भइरहेको,
- सुचनाको हक सम्वन्धी व्यवस्था वमोजिम माग भएको विवरण सम्वन्धीतलाई उपलब्ध गराईएको ।
- मन्त्रालयले कार्य सञ्चालन गर्दा आवश्यक पर्ने स्वीकृत कार्यविधी निर्देशिकाहरुलाई एकिकृत गरी प्रकाशित शान्ति पत्रिका वर्ष ४ अंक ४ लाई वेवसाइटमा राखिएको ।

### ३. स्थानीय शान्ति समिति तर्फ

- मागमा आधारित कार्यक्रम अन्तर्गत ७५ जिल्ला, ३१ नगरपालिका र २२०० गाविसमा क्रियाशिल स्थानीय शान्ति समितिहरुलाई क्रमशः रु. ५ लाख, ५० हजार र रु. २० हजारको अख्तियारी प्रदान गरिएको ।

### ४. शान्ति कोषतर्फ

- थप आयोजनाहरु छनौट गर्ने प्रक्रियामा रहेको र १ महिनाको अवधिमा थप केहि प्रगति नभएकोले आगामी महिनामा थप जानकारी गराइने ।

### ५. द्वन्द्वोत्तर शान्ति तथा पुनर्निर्माण परियोजनातर्फ

- ब.शि.नं. ३४९१०२४ पुनर्निमाण तथा पुनस्थापन कार्यक्रमको पुँजीगत तर्फ निर्माण सम्पन्न विभिन्न ६३ वटा आयोजनाको लागि थप वजेट रु. १८,९९,२७,००० माग भएकोमा अर्थ मन्त्रालयबाट २०७०।०२।२७ मा स्वीकृती प्राप्त भएको ।
- ब.शि.नं. ३४९८०३४ शान्तिका लागि विकास कार्यक्रमको पुँजीगत तर्फ निर्माण सम्पन्न विभिन्न ७० वटा आयोजनाको लागि रु. १४,९६,००,००० माग भएकोमा अर्थ मन्त्रालयबाट हालसम्म स्वीकृति प्राप्त नभएको ।
- चालु आ.व.मा वजेट शिर्षक नं. ३४९१०२ **पुनर्निर्माण तथा पुनस्थापन कार्यक्रम** अन्तर्गत १५५ योजना सम्पन्न भई रु. ४१,३३,८५,००० खर्च । भौतिक प्रगति ५४.७७ र वित्तीय प्रगति ५५.४२ भएको ।
- वजेट शिर्षक नं. ३४९८०२ **द्वन्द्व प्रभावित क्षेत्र विशेष कार्यक्रम** अन्तर्गत ४० योजना सम्पन्न भई रु. ३,१७,००,००० खर्च । भौतिक प्रगति ३४.७८ र वित्तीय प्रगति ३५.०७ भएको ।
- वजेट शिर्षक नं. ३४९८०३ **शान्तिका लागि विकास कार्यक्रम** अन्तर्गत १७ योजना सम्पन्न भई रु. ६,९९,०२,००० खर्च । भौतिक प्रगति ५१.५२ वित्तीय प्रगति ३८.३७ भएको ।

This document was created using Smart PDF Creator
To remove this message purchase the product at www.SmartPDFCreator.com

## ६. शान्ति प्रक्रिया सहयोग आयोजनातर्फ

- चालु आ.व. मा ४२ जिल्लाका ११७४० जनालाई उक्त तालिम तथा सेवा उपलब्ध गराउने कार्यक्रम सञ्चालनमा रहेको ।
- मनोसामाजिक परामर्श सेवा संचालनका लागि तयार भएको निर्देशिका मन्त्रिपरिषद् सामाजिक समितिबाट राय सुझाव सहित शान्ति तथा पुनर्निर्माण मन्त्रालयबाट स्वीकृत गर्ने निर्देशन प्राप्त भएको ।

## ७. राहत तथा आर्थिक सहयोगतर्फ

- **बेपत्ता परिवार** : हालसम्म १५१७ जनालाई राहत वितरण गर्न विभिन्न जिल्लाहरुमा अख्तियारी पठाइएको । चालु आ.व.२०६९।०७० मा ४० जनालाई रु. १ लाखका दरले राहत सहयोग पठाइएको ।
- **मृतकका परिवार** : १४१०७ जनालाई राहत निकासा पठाइएको ।
- **एकल महिलाः** ४४४४, टुहुरा बालबालिका ५२२, अङ्गभङ्ग भएका अपाङ्ग ६९६१, अपहरण ३१४२, जीवन निर्वाह भत्ता ७३६, र सम्पत्ति क्षति ८८७४ जनालाई कार्यविधि तथा निर्देशिका अनुरुप सहयोग उपलब्ध गराइएको ।
- चालु वर्षको विनियोजित बजेट : रु.४९ करोड १२ लाख ५२ हजार ९ सय ४९
- चालु वर्षको जेष्ठ मसान्तसम्मको खर्च : ३४,६४,२९,८००।-
- वित्तिय प्रगति : ७०.५२
- द्वन्द्वप्रभावित व्यक्ति, परिवार तथा संरचनाको लगत संकलन कार्यदलको म्याद २०७० साल आषाढ मसान्तसम्म थप भएको ।

## ८. द्वन्द्व व्यवस्थापन तथा अन्य

- चालु आ.व.को हालसम्म १० वटा समूह गरी जम्मा ५६ वटा विभिन्न समूहहरुसँग वार्ता गरी ३३८ थान हतियार नेपाल सरकारलाई बुझाइएको,
- सिंहदरबार पुनर्निर्माण परियोजना मार्फत् मन्त्रालयको भवनमा तला थप्ने कार्य भैरहेको,
- मन्त्रालयमा प्राप्त उजुरी गुनासोलाई शत प्रतिशत फर्स्यौट गरिएको ।
- कुल वेरुजु ४२ करोड मध्ये १३ करोड ५० लाख (३२ प्रतिशत) फर्छ्यौट भई सम्परिक्षणको क्रममा रहेको र वेरुजु फर्छ्यौटलाई उच्च प्राथमिकता दिई कार्य भैरहेको ।

**प्रस्तुतकर्ता**

लक्ष्मीशरण घिमिरे
सह सचिव तथा प्रवक्ता
शान्ति तथा पुनर्निर्माण मन्त्रालय

This document was created using Smart PDF Creator
To remove this message purchase the product at www.SmartPDFCreator.com